स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'मितज्यू' को प्रदर्शन मिति परिवर्तन भएको छ। यसअघि जेठ १५ गतेलाई तय गरेको प्रदर्शन अहिले एकसाता अघि सारिएको छ। निर्माण युनिटले एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति हेरफेर गरेको हो। फिल्ममा दयाहाङ राई, सौगात मल्ल, तेरिया फौजा मगर, शिशिर वाङ्देल लगायतको अभिनय छ। यसै फिल्मबाट तेरिया मगरले अभिनेत्रीका रुपमा डेब्यु गरेकी हुन्। जनक घर्ती मगर फिल्मका निर्माता हुन्।

**आजको विचार...**



निर्वाचन...
*(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे

आगामी नयाँवर्ष २०८३ को वैशाख १८ गतेदेखि प्रदर्शनमा आउन लागेको चलचित्र 'लालीबजार'को पहिलो गीत 'मायालाई के दिउँ म बैना' सार्वजनिक भएको छ। लोकभाकाको गीतमा दीपिका बयम्बु मगर र खेम सेञ्चुरीको स्वर, खेमकै संगीत र रमेश बिजीको शब्द छ। गीतले मायालुलाई बैना दिएको प्रसंग प्रस्तुत गरेको छ। प्रदीप लामाको कोरियोग्राफी रहेको गीतको भिडियोमा प्रदीपसहित स्वस्तिमा खड्का र बाल कलाकार समाइरा थापाको नृत्य छ।



❐ वर्ष ३१ ❐ अंक २२७ ❐ २०८२ चैत २ गते सोमबार 16 March 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# सवारी दुर्घटनामा १२ जनाको मृत्यु

***पछिल्लो समय दिनहुँ जसो सवारी दुर्घटना हुने गरेका छन् । कच्ची सडक, क्षमताभन्दा बढी यात्रु बोक्ने, जथाभावी ओभर ट्याक गर्ने, गाडी मर्मत नगरी हतारमा स्पिडमा चलाउने र मदिरा सेवन गरी गाडी चलाउदाँ सवारी दुर्घटना बढी हुने गरेका हुन् ।***

**हाम्रा संवाददाता**

**पाल्पा,** चैत १/देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा परी एकै दिन १२ जनाको ज्यान गएको छ । प्रहरीको केन्द्रीय समाचार कक्षका अनुसार तनहुँ, सर्लाही, गोरखा, सुनसरी, मोरङ र चितवनमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १२ जनाको अकालमै ज्यान गएको हो ।

तनहुँको भिमाद नगरपालिका-९ अस्पाक्दीस्थित सडकमा ट्याक्टर दुर्घटा हुँदा एक जनाको मृत्यु भएको छ । लु.३ त ३०२६ नम्बरको ट्याक्टर अनियन्त्रित भई ट्याक्टरमा सवार कपिलवस्तु शिवराज नगरपालिका-१ चैनपुर घर भएका ४५ वर्षीय माईला भन्ने लड्डु थारूको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको जिपी कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्र झरौटामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले ट्याक्टर चालकलाई नियन्त्रणमा लिएको छ । यस्तै चितवनको इच्छाकामना गाउँपालिका-६ जलबिरेस्थित सडकमा ट्रकले मोटरसाइकललाई ठक्कर दिदाँ





एक जनाको मृत्यु भएको छ । प्रदेश १-०२-००२ ख ०४३९ नम्बरको ट्रकले बागमती प्रदेश ०६-००७ प ५१४५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार माडी नगरपालिका-६ का २६ वर्षीय शंकर सुनारको मृत्यु भएको हो । शनिबार राति भएको उक्त दुर्घटनामा गम्भीर घाइते भएका उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा आइतबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ । प्रहरीले ट्रक चालकलाई नियन्त्रणमा लिएको छ । यस्तै सुनसरीको हरिनगर गाउँपालिका-१ भुटाहास्थितह् सडकमा मोटरसाइकललाई ट्याक्टरले ठक्कर दिँदा अर्को एक जनाको मृत्यु भएको छ । प्र.१-०२-०५७ प ४८९९ नम्बरको मोटरसाइकललाई स.१ त ४९१४ नम्बरको ट्याक्टरले ठक्कर दिँदा मोटरसाइकलमा सवार सोही गाउँपालिका-१ बस्ने २५ वर्षीय दिपक दासको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको बिराट नरसिंह होम विराटनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । हाल फरार ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ । यस्तै मोरङको विराटनगर महानगरपालिका-१४ स्थित सडकमा मोटरसाइकल गाडीमा ठोक्किन जाँदा एक जनाको मृत्यु भएको छ । वीआर ३८ एपी ४२८२ नम्बरको मोटरसाइकल को.२ स १६२ नम्बरको गाडीमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही महानगरपालिका-१८ बस्ने ३० वर्षीय अजय मण्डलको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको नोबोल शिक्षण अस्पताल विराटनगरमा उपचारको क्रममा आइतबार बिहान मृत्यु भएको हो । प्रहरीले गाडी चालकलाई नियन्त्रणमा लिएको छ ।

***-बाँकी अन्तिम पेजमा...***

## संक्षिप्त समाचार

### बन्दुकधारीको आक्रमणमा २० को मृत्यु

**(रासस/एएफपी)**

**नाइजेरिया,** चैत १/मध्य नाइजेरियाको एक गाउँमा बन्दुकधारी समूहले गरेको आक्रमणमा कम्तीमा २० जनाको ज्यान गएको छ । स्थानीय विकास सङ्गठनले शनिबार दिएको जानकारीअनुसार उक्त घटनामा सुरक्षाकर्मी तथा गाउँलेहरू मारिएका छन् भने आक्रमणकारीहरूले गाईवस्तु र अन्य सम्पत्ति पनि लुटेर लगेका छन् । स्थानीयवासीहरूले 'डाकू' भनेर चिन्ने अपहरणकारी गिरोहहरूले नाइजेरियाका ग्रामीण बस्तीहरूमा लामो समयदेखि आतङ्क मच्चाइरहेका छन् । यी समूहहरूले प्राय: फिरौती असुल्न र लुटपाट गर्न सामूहिक अपहरण तथा सशस्त्र आक्रमण गर्ने गरेका छन् । पछिल्लो आक्रमण शुक्रबार मध्य नाइजेरियाको पठार राज्यमा भएको हो । कानम डेभलपमेन्ट एसोसिएसनले जारी गरेको विज्ञप्तिमा बन्दुकधारीहरूले नियमित गस्तीमा रहेका सैनिकमाथि अचानक आक्रमण गरेको उल्लेख गरिएको छ । सङ्गठनका अनुसार आकस्मिक आक्रमणपछि भएको गोली हानाहानमा १२ जना सुरक्षाकर्मी मारिएका छन् । उनीहरूसँगै आफ्नो गाउँको सुरक्षा गर्न पुगेका आठ जना स्थानीयवासी पनि घटनामा ज्यान गुमाएका छन् । "आकस्मिक आक्रमणपछि भएको दुर्भाग्यपूर्ण गोली हानाहानमा राष्ट्रले कर्तव्य निर्वाह गर्दै अन्तिम बलिदान दिने बहादुर सुरक्षाकर्मीहरू गुमाएको छ", सङ्गठनले जनाएको छ ।

## जीप र स्कुटर ठोक्किँदा एक जनाको मृत्यु



**कृष्ण पोखरेल**

**पाल्पा,** चैत १/जिल्लाको बगनासकाली गाउँपालिका-२ पोखराथोकको रोकाडाँडास्थित सिद्धार्थ राजमार्गमा पिकप जीप र स्कुटर एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ ।

आर्यभञ्ज्याङ्गबाट बर्तुङतर्फ आउँदै गरेको लु १ च ३७४० नम्बरको जीप र विपरीत दिशाबाट जाँदै गरेको लु ८४ प ४३४८ नम्बरको स्कुटर एक आपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा स्कुटर चालक हाल बुटवल उपमहानगरपालिका - सुख्खानगरमा बस्दै आएका माथागढी गाउँपालिका-१ का ३६ वर्षीय खिलेश्वर घर्ती मगर गम्भीर घाइते भएको र उनको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचारको क्रममा मृत्यु भएको पाल्पा प्रहरीले जनाएको छ । जीप चालकलाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## चार लेन सडक निर्माणका लागि विद्युत् पोल हटाइँदै

**तुलसीपुर (दाङ),** चैत १/घोराही-तुलसीपुर चार लेन सडक निर्माणका लागि गुर्जेखोलादेखि बेलझुन्डीसम्मका विद्युत् पोल हटाइएको छ । नेपाल विद्युत् प्राधिकरण घोराही वितरण केन्द्रअन्तर्गत पर्ने सोही क्षेत्रमा पोल हटाएर चार लेन सडक निर्माणको कामलाई अघि बढाइएको छ ।

घोराहीको सर्रादेखि घोराही बजारसम्मको पोल निकाल्ने काम भइरहेको छ । अबको केही समयमा घोराही कार्यक्षेत्रका सबै पोल हटाउनेगरी तयारी थालिएको घोराहीस्थित नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रका साइड इन्चार्ज भुपेन्द्र बाँठाले बताए । "सर्रा क्षेत्रमा फिजिकल भेरिफिकेसन गर्ने कार्य भइरहेको छ, त्यसपछि सर्रादेखि घोराहीसम्मका पोल निकाल्छौँ । घोराहीदेखि बेलझुन्डीसम्म साढे चार सय बढी पोल निकाल्नु पर्नेछ", उनले



भने । साइड इन्चार्ज बाँठाका अनुसार चार लेनअन्तर्गत घोराही विरतणको क्षेत्र तुलसीपुर-१८ को बेलझुन्डीसम्म पर्छ । बेलझुन्डीदेखि तुलसीपुरसम्मको कार्यक्षेत्र भने तुलसीपुर वितरण केन्द्रको पर्छ । तुलसीपुर क्षेत्रमा पनि ३०० भन्दा बढी पोल निकाल्नुपर्ने छ । तुलसीपुर क्षेत्रका पनि अबको केही समयमा निकाल्ने तयारी रहेको छ । उक्त सडकखण्डमा ११ केभी र ३३ केभी लाइन रहेका छन् । त्यसका लागि कार्यालयको आदेश आइसकेको डिभिजन सडक कार्यालय दाङका प्रमुख दिपेन्द्रबहादुर विष्टले बताए । साथै सडक बीचमा पर्ने ५९ रुख पनि हटाउने प्रक्रिया अघि बढेको छ । ती रुखमा छपान गर्ने (चिह्न लगाउने) काम भइसकेको उनले बताए । अबको केही समयमा रुख पनि हटाउने काम हुने प्रमुख विष्टले बताए । हाल चार लेनमा पर्खाल निर्माण, कल्भर्ट निर्माण, माटो कटानको काम जारी छ । श्री दिवा-बन्दना भगवती जेभीले सडक स्तरवृद्धिको काम गरिरहेको छ । घोराहीको डिके पेट्रोलपम्पदेखि तुलसीपुरको हातीखौवासम्म चार लेन बनाइने गरी सम्झौता भई काम अघि बढेको हो ।

***-बाँकी अन्तिम पेजमा...***

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## गुणस्तरीय शिक्षा समृद्धिको आधार बनाऔं

**कुनै पनि राष्ट्रको दीर्घकालीन प्रगति र समृद्धिको आधार शिक्षा हो । शिक्षा केवल ज्ञान आर्जन गर्ने माध्यम मात्र होइन नागरिकलाई सचेत, सक्षम र जिम्मेवार बनाउने शक्तिशाली साधन पनि हो । नेपालमा विगत केही दशकयता शिक्षाको पहुँच विस्तार भएको देखिए पनि यसको गुणस्तर, समानता र व्यवहारिकता अझै चुनौतीपूर्ण अवस्थामा रहेको छ ।**

**शिक्षाको गुणस्तर सुधारमा विशेष ध्यान दिनु आजको आवश्यक हो । धेरै विद्यालयमा अझै पनि शिक्षण पद्धति पुरानै ढाँचामा सीमित छ । पाठ्यक्रमलाई समयानुकूल, सीपमूलक र व्यवहारिक बनाउनेतर्फ सरकारको ध्यान जान सकेको छैन । यो अत्यन्त दुखद् हो । विद्यार्थीले केवल परीक्षा पास गर्ने ज्ञान होइन, जीवनमा उपयोगी सीप र सोच विकास गर्ने अवसर पाउनुपर्छ । त्यसका लागि शिक्षकको क्षमता अभिवृद्धि र नियमित तालिमको व्यवस्था अपरिहार्य छ । अर्को महत्वपूर्ण पक्ष शिक्षामा समान पहुँच सुनिश्चित गर्नु हो । दुर्गम क्षेत्रका बालबालिका अझै पनि गुणस्तरीय शिक्षाबाट वञ्चित छन् । विद्यालयको भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला र प्रविधिमा पहुँच विस्तार गर्न सके मात्र शिक्षा वास्तवमै समावेशी बन्न सक्छ । साथै आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थीलाई छात्रवृत्ति र सहुलियत प्रदान गर्नु पनि उत्तिकै आवश्यक छ ।**

**आजको विश्व सूचना र प्रविधिको युगमा अघि बढिरहेको छ । त्यसैले नेपालको शिक्षामा पनि डिजिटल प्रविधिको प्रभावकारी प्रयोग बढाउनुपर्छ । सूचना प्रविधिमा आधारित शिक्षाले विद्यार्थीलाई विश्वस्तरका ज्ञान र अवसरसँग जोड्न सक्छ । तर यसका लागि इन्टरनेट पहुँच, उपकरण र शिक्षकको डिजिटल सीप विकासमा लगानी आवश्यक छ । त्यसैगरी, शिक्षा र रोजगारीबीचको सम्बन्धलाई बलियो बनाउनुपर्छ । अहिलेको शिक्षा प्रणालीबाट धेरै विद्यार्थी डिग्री त लिन्छन्, तर रोजगारका लागि आवश्यक सीपको अभाव देखिन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिएर युवा पुस्तालाई उत्पादनमुखी बनाउने नीति अवलम्बन गर्नु आवश्यक छ । समग्रमा हेर्दा शिक्षाको विकास केवल नीतिगत घोषणाले मात्र सम्भव हुँदैन् । यसको लागि प्रभावकारी कार्यान्वयन, पर्याप्त लगानी र दीर्घकालीन सोच आवश्यक हुन्छ । जब शिक्षा प्रणालीलाई गुणस्तरीय, व्यवहारिक र समावेशी बनाउन सकिन्छ, तब मात्र नेपालले दिगो विकास र समृद्धिको बाटोमा ठोस कदम चाल्न सकिन्छ । तसर्थ शिक्षाको वास्तविक विकासका लागि राज्य, समाज र सरोकारवाला सबैले समन्वयात्मक प्रयास गर्नु अपरिहार्य छ ।**

### Opinion @ Social Network

सफलता के हो देखेको छैन तर संघर्ष
धैर्यता र निरन्तरतालाई विश्वास गरेर बिस्तारै अघि बढ्दै छु ।
*(स्याम राउतको फेसबुक स्टाटसबाट www.facebook.com/Shyam.Raut)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निर्वाचन सकियो, दुलाबाट निस्के सर्पहरू



डा. गणेशप्रसाद घिमिरे

> *जनताको मताधिकारबाट चुनिएका प्रतिनिधिबाट शासन व्यवस्था सञ्चालन हुनु । सम्पन्न भएको यो निर्वाचनले केही प्रश्न पुराना राजनीतिक दललाई छोडेको छ । वर्षौंदेखि सत्तामा रहेका राजनीतिक दललाई नेपाली जनताले पत्याएनन् । नपत्याउनुमा राजनीतिक दल र तिनका नेतामात्र दोषी हुन् भन्ने भने होइन । जनताले आफूलाई भिन्न तरिकाले यो निर्वाचनमा उभ्याएका छन् ।*

फाल्गुण २१ गते सम्पन्न निर्वाचनको परिणाम बाहिरियो । निर्वाचन सम्पन्न भयो । अब सरकार गठनको तयारीमा राष्ट्रिय स्वतन्त्र पार्टी लाग्नेछ । सरकार गठनका लागि तँछाडमछाड अहिले हुनेछैन । राष्ट्रिय स्वतन्त्र पार्टीको एकल बहुमतको सरकार बन्नेछ । पाँच वर्षसम्म यस सरकारले नेपाली जनताका हकमा काम गरोस् । यही शुभकामना पनि । केही भवितव्य नभए प्रधानमन्त्री त निश्चित नै छ । तत्कालीन काठमाडौं महानगर प्रमुख बालेन यो देशका भावी प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण गर्नेछन् । पाँच वर्षको कार्यकालमा उनले गरेका कामको लेखाजोखा अर्को निर्वाचनमा जनताले पुन: गर्नेछन् । यही हो प्रजातन्त्रको सुन्दर पक्ष । जनताको मताधिकारबाट चुनिएका प्रतिनिधिबाट शासन व्यवस्था सञ्चालन हुनु । सम्पन्न भएको यो निर्वाचनले केही प्रश्न पुराना राजनीतिक दललाई छोडेको छ । वर्षौंदेखि सत्तामा रहेका राजनीतिक दललाई नेपाली जनताले पत्याएनन् । नपत्याउनुमा राजनीतिक दल र तिनका नेतामात्र दोषी हुन् भन्ने भने होइन । जनताले आफूलाई भिन्न तरिकाले यो निर्वाचनमा उभ्याएका छन् । जनताले केही खोजेनन् सुशासन, भ्रष्टाचाररहित प्रशासन, नेपालको विकास नै खोजे । राष्ट्रिय स्वतन्त्र पार्टी यो पक्षमा खरो भएर उत्रनसक्छ वा सक्दैन त्यो भने हेर्न बाँकी छ । पाँच वर्षसम्म यो पार्टीले नेतृत्व गरेको सरकारले नेपालको चौतर्फी विकास गरोस् । यही शुभकामना दिन चाहन्छु म पनि । बिनाकारण निँहु खोज्ने भयंकर स्वभाव भएका दुर्जनसित कसलाई डर लाग्दैन र ! विषालु सर्पका मुखमा सदा विष रहेजस्तै उनीहरूका मुखमा दुर्वचनरूपी विष सदा रहेको हुन्छ ।

नेपाली कांग्रेस प्रजातान्त्रिक पार्टी हो । यो पार्टी प्रजातान्त्रिक प्रक्रियामा विश्वास गर्दछ । विश्वेश्वरप्रसाद कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा हुँदै यसले आज गगनकुमार थापाको नेतृत्व पाएको छ । २१ गते भएको निर्वाचनमा गगनकुमार थापाको नेतृत्वमा यो पार्टी प्रत्यक्षतर्फ २६५ क्षेत्रमा आफ्ना उम्मेदवार लिएर गएको थियो । मात्र १८ क्षेत्रमा आफूलाई विजयी बनाएर आयो । समानुपातिकतर्फ लगभग १८ लाख हाराहारीको मत यो पार्टीले पाएको देखियो । केही हदसम्म यो पार्टीप्रति मतदातामा वितृष्णा अवश्य पैदा भएको देखिन्छ । पार्टीका सभापति र उपसभापतिको देश दौडाहाले पनि केही गर्न सकेन भन्ने तर्क र विश्लेषणले आजका सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल रंगिएका छन् । स्वयं सभापतिले पनि हार व्यहोर्नु परेको तीतो सत्य नेपाली कांग्रेसका कार्यकर्तामा देखापरेको छ । यो स्थिति आउनमा विशेष महाधिवेशन जिम्मेदार थियो त ? वा आजसम्म कांग्रेसमा एकछत्र रूपमा आफूले शासन गरेका पुराना नेता जिम्मदार थिए । तर्क र देश विकासका आफ्ना स्पष्ट धारणा राख्ने वर्तमान सभापति र उपसभापति जिम्मेवार थिए । सभापतिको देश बनाउने संकल्प प्रस्तावलाई अस्वीकार गर्ने मतदाता जिम्मेवार थिए । यो भने निरन्तररूपमा खुल्दै जानेछ । विस्तारै यी सबै कुरा बाहिर आउनेछन् । राजनीतिमा जहिले पनि मानिसले बलेको आगो ताप्ने हो । निभेको आगोमा कसैले पनि हात सेक्दैन । निर्वाचनका परिणामसँगै पार्टी सभापतिलाई सत्तोसराप गर्ने र पार्टी नैतिकताको पाठ पढाउन थालिसके कांग्रेसका नेताले । नेपाली कांग्रेस कसैको विरासत होइन । जनताको अभिमत र उसको नीतिलाई नेपाली भूमिका फिँजाएर बलवान् बनेको पार्टी हो । अझ पनि उक्त पार्टीसित १८ लाख समर्थक सुरक्षित छन् भन्ने तथ्यलाई प्रमाणित गरिदिएको छ । २०४७ सालदेखि डडेल्धुरामा आफ्नो साम्राज्य जमाएका पूर्वसभापति शेरबहादुर देउवा किन मतदान प्रक्रियाबाट विरत बने । सधै आफूले विजय हासिल गरेको काठमाडौं क्षेत्र नम्बर-१ मा प्रबल थापालाई जिताउन गणेशमान पुत्र प्रकाशमान सिंह किन बाहिर आएनन् । तत्कालीन कार्यबाहक सभापति पूर्णबहादुर खड्का आफ्ना भाइलाई टिकट दिलाएपछि किन प्रचारप्रसामा होमिएनन् । राष्ट्रिय सभामा कांग्रेसको प्रतिनिधित्व गरेका कृष्णप्रसाद सिटौलाले किन निर्वाचनको प्रचारप्रसारमा आफूलाई उतारेनन् । बीपी पुत्र शशांक कोइराला किन आफूलाई घरभित्र राखे । यी र यस्तै खालका नेताहरू आफू जवाफदेही हुनुपर्दैन । निर्वाचन परिणाम आएपछि सभापतिको राजीनामा माग्न हतारिँदै किन सामाजिक सञ्जाल र सञ्चारमाध्यममा उभिन थाले । कांग्रेसले लज्जाष्पद हार ब्यहोरेको छैन । समानुपातिक परिणाम र प्रत्यक्षमा पाएको मतले ऊ नेपालको राजनीतिमा सबल प्रतिपक्ष बनेको पार्टी हो । कांग्रेसको विश्वास जनता हो । कांग्रेसको नीति देश विकास हो । देशको विकासलाई प्राथमिकतामा राख्ने कांग्रेसका लागि मत नमाग्ने र सभापतिको खोइरो खन्दै पार्टीमै प्रतिपक्षको भूमिका निर्वाह गर्ने नेताहरू यो पार्टी जनताको हो तिम्रो होइन । तिमीहरूले जति योगदान दियौ त्यसभन्दा बढी यो पार्टीबाट फाइदा लिएको कुरा किन बिर्सियौ । नेपाली कांग्रेसका सामान्य कार्यकर्तालाई पनि जानकारी नभएको कुरा हो र यो । निर्वाचनका मुखमा धेरै कुराहरू आए । पार्टी सभापतिलाई पराजित गराउन नियोजित खेल खेलियो । सत्य हो वा होइन उनीहरू नै जानून् । नेपाली कांग्रेसका शक्तिशाली नेता पनि सामान्य उम्मेदवारबाट किन पछारिए । निर्वाचनमा पाएको मत हेर्ने हो भने पनि निकटतम् नै छैन । जित्नेले भारी मतले जितेको छ भने हार्नेको अवस्था सारै कमजोर देखियो । नेपाली कांग्रेसमा आफूलाई बौद्धिक नेता मान्ने व्यक्तिको पनि लज्जाष्पद हार हुनुलाई सभापति जिम्मेवार हो र ! निर्वाचनको अवधिभरि आफू बाहिर ननिस्कने र आफूले पार्टीका लागि मत नमाग्ने अहिले विशेष महाधिवेशन भेला हो भन्दै घोक्रो फुलाउन लाज लाग्दैन । पार्टी सभापति बनेका र देशमा पाँच पटकसम्म प्रधानमन्त्री चलाएका व्यक्तिसमेत मताधिकार प्रयोग नगरी विदेश जाने प्रक्रिया ठीक थियो ? निर्वाचनलाई गगनको निर्वाचन हो कांग्रेसको होइन भन्दै घोक्रो फुलाउनु ठीक थियो ? त्यसले यो निर्वाचन गगन र विश्वप्रकाशको मात्र थिएन । भ्रष्टाचार गरेर अकूत कमाएका र राम्रा होइन हाम्रालाई देखेका नेताविरुद्धको शंखघोष थियो । दोष नथोपर कसैमाथि । कांग्रेसमा तिमी जस्ता ठूला नेता र सामान्य किसानको हैसियत एउटै हो । पो पार्टीमा कोही ठूला र कोही साना हुँदैनन् । सबै बराबर हैसियतमा रहेका छन् । अब पार्टीलाई गगन थापाको नेतृत्वमा रक्तसञ्चार हुन देऊ । दुलाबाट निस्केर बर्बराउन छोड । हिजोसम्म गगन थापा ठीक भन्ने बौद्धिक र राजनीतिक विश्लेषक पनि अब पुन: गगन गलत हो भन्ने जस्ता कुतर्कले आफूलाई बाहिर ल्याउने प्रयास नगर । ईश्वरले सद्बुद्धि दिन सकून् । निर्वाचनमा अप्रयासित हार व्यहोरेपछि पार्टी सभापतिमाथि प्रश्न उठ्नु स्वाभाविक हो । पार्टी सभापतिले उपसभापतिलाई म राजीनामा दिन्छु भन्ने कुरा बाहिर आए । पार्टी सभापतिको राजीनामा माग्न थालियो । यो सही वा ठीक हो त ? भन्ने कुरा पनि बहसको विषय हुनसक्छ । अहिलेको निर्वाचनमा सभापतिले सकेको प्रयास गरेको देखियो । उनले गरेको प्रयासलाई सच्चा कांग्रेसले कहिल्यै पनि कमजोर भन्न सक्दैन । कांग्रेसलाई भजाएर खाने र खान नपाएको झोकमा उफ्रने व्यक्ति नै आज तिमीसित राजीनामा माग्दैछन् । यो पार्टीको सुदृढीकरणमा जुट । पाँच वर्षसम्म नेपालका प्रत्येक गाउँमा जाऊ । आफ्ना विचार र कांग्रेसको नीति राख । आफूलाई सबल बनाएर उभ्याऊ । तिमीसित गतिलो जनशक्ति छ । भजनमण्डली होइन । शक्तिशाली जनशक्तिको प्रयोग पार्टी निर्माणका लागि प्रयोगमा ल्याऊ । तत्काल निर्वाचन समीक्षा बैठक राखेर आफूले निर्वाचनमा गरेको कुरा र हारको अवस्थाका बारेमा जनतासामु आफ्ना विचार बाहिर ल्याऊ । नियमित अधिवेशनबाट आफूलाई शक्तिशाली सभापतिका रूपमा उभ्याएर अघि बढ । तिम्रो साथमा नेपाली कांग्रेसका सामान्य कार्यकर्ता र गाउँले जीवन बाँचेका समर्थकको आड भरोसा छ । राजीनाम दिँदैमा नैतिकता देखिने र राजीनामा नदिए नैतिकता समाप्त हुने होइन । आउँदो दुई वर्षपछि स्थानीय तह र प्रदेशको निर्वाचनामा नेपाली कांग्रेसलाई पहिलो दल बनाउने उद्देश्य राखेर सक्रिय बन्नु नै सभापतिको मुख्य जिम्मेवारी हो । अहिलेको निर्वाचनमा कुनै पनि कांग्रेसको परिवारले आफ्ना बाबुनानीको मतलाई रोक्न सकेनन् । आफूले कांग्रेसमा मत जाहेर गरेको भए पनि छोराछोरीलाई बाध्य पार्न सकेनन् । यो दोष पार्टी सभापतिको कदापि होइन । पूर्ववर्ती शासक र नेपाली कांग्रेसका पूर्वनेतृत्वले गरेको भूल हो । युवा अहिले पनि तिमीसित छ । दक्ष जनशक्ति लिएर पार्टीमा रक्तसञ्चार गराउने जिम्मा पार्टी सभापतिको हो । अग्रजहरूको असहयोग र अनुजपुस्ताको वितृष्णामा पनि आफ्नो पार्टीलाई सम्मानित रूपमा उभ्याउन सक्ने सफल नेना जनताले तिमीलाई मानेका छन् । निर्वाचनमा पूर्वप्रधानमन्त्रीहरू, पूर्वपार्टीका सभापति र अध्यक्षको नेतृत्व गरिरहेका पार्टीले पनि हार व्यहोर्नु परेका तीतो सत्य छ । राजनीतिमा परिवर्तन आवश्यक छ । आउँदो सरकारले देश विकास र रचनात्मक कामको समर्थन गर र देशको हितविरुद्ध गरिएका निर्णयको भण्डाफोर गर । भर्खर कांग्रेसले पार्टीमा गरेको परिवर्तनलाई १८ लाख नेपालीले अनुमोदन गरेका छन् । आउँदो निर्वाचनमा यो अनुमोदन ५० प्रतिशतमा पुगोस् । यही शुभकामना प्रिय सभापति गगनकुमार थापालाई ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यक्तित्व निर्माण गर्न सकिनेछ। खर्च बढ्न सक्छ तर आय पनि बढ्ने संकेत छ। | **तुला** : मनग्य लाभ आर्जन गर्न सकिनेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोला। |
| **वृष** : नयाँ लगानीबाट फाइदा हुन सक्छ। आफन्तहरूसँग राम्रो सम्बन्ध बन्दै जानेछ। | **वृश्चिक** : प्रतिस्पर्धाहरूमा सफलता मिल्नेछ। काम सम्पादन गर्न सकिनेछ। |
| **मिथुन** : साथीबाट सोचेजस्तो सहयोग नपाइएला। स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। | **धनु** : रकम खर्च गर्नुपर्ला । गरेको कामको परिणाम ढिलो आउन सक्छ। |
| **कर्कट** : कुनै अनावश्यक कुरालाई लिएर अलि बढी संवेदनशील हुन सक्नुहुन्छ। | **मकर** : सञ्चार क्षेत्रमा फाइदा मिल्ने समय रहेको छ। शुभचिन्तकहरूको साथ पाइनेछ। |
| **सिंह** : व्यापारमा प्रगतिका संकेत छन्। मेहनतीहरूको लागि राम्रो फल मिल्नेछ। | **कुम्भ** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। अरुको लागि मेहनत गर्नुपर्ला। |
| **कन्या** : शिक्षाको क्षेत्रमा प्रगति हुनेछ। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। | **मीन** : हक र हितको संरक्षण गर्न सकिनेछ। साथी भेट्नुका साथै प्रेम बन्धन कसिनेछ। |

## शिक्षा

# नेपाली विद्यार्थीको पहिलो रोजाइ जापान




नेपालबाट उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीको पहिलो रोजाइमा जापान पर्न थालेको छ भने विदेश गएर सबैभन्दा बढी व्यवस्थापन विषय पढ्ने गरेको पाइएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विदेशी शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न जाने नेपालीका लागि दिइएको पूर्वस्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) को गत आर्थिक वर्ष र यस आर्थिक वर्षको पहिलो त्रैमासिकको विवरणमा जापान आकर्षणमा परेको छ । जापानी भाषा सिकेर थप पढ्न र काम गर्न जापानमा सहज हुने भएकाले पनि विद्यार्थीको चाप देखिएको हो । केही वर्ष अघिसम्म नेपाली विद्यार्थीको पहिलो रोजाइ अष्ट्रेलिया हुने गरेको थियो । यस आर्थिक वर्षको गत १ साउनदेखि असोज मसान्तसम्म कूल २८ हजार ५८५ विद्यार्थीले मन्त्रालयको भक्तपुर (सानोठिमी) स्थित शाखाबाट 'नो अब्जेक्सन लेटर' (एनओसी) लिएको मन्त्रालयले जनाएको छ । त्यसमध्ये जापानका लागि नौ हजार ४५३, अष्ट्रेलियाका लागि सात हजार ७३० र संयुक्त अधिराज्य बेलायतका लागि चार हजार ६११ विद्यार्थीले स्वीकृति लिएका छन् । मन्त्रालयको 'नो अब्जेक्सन लेटर' शाखाका प्रमुख वीरेन्द्रज' थापाले गत फेब्रुअरीमा भएको जापानी भाषा परीक्षाका कारण पछिल्ला दिनमा जापान जाने विद्यार्थी बढेको बताए । उनले आज केही समय 'एनआइडिसी' को 'सिस्टम डाउन' भएकाले विद्यार्थीलाई छिटो सेवा दिन नसकिएको बताउँदै 'अनलाइन' प्रणालीका आधारमा एनओसी सेवा पाउन आवेदन दिन र स्वीकृतिको प्रणाली विकास गरिएकाले कागजात पूरा गरिएका आवेदकहरूको पालोअनुसार स्वीकृति हुने बताए । जापान जाने तयारीमा एनओसीका लागि आवेदन दिएका जुम्लाका नवराज देवकोटाले उक्त शाखामा विद्यार्थीको निकै भीड भएकाले आफ्नो स्वीकृतिको अवस्थाबारे बुझ्न कठिन भएको गुनासो गरे । देवकोटा जापानको फुकोकास्थित क्युरिन इन्टरनेशनल जापानी भाषा कलेजमा पढ्न जाने तयारीमा छन् । गत आर्थिक वर्ष २०८१/०८२ मा ८४ देशका लागि जम्मा एक लाख २३ हजार ५८९ ले विदेश पढ्नका लागि स्वीकृति लिएका थिए । स्वीकृति लिएकामा जापानका लागि अत्यधिक ३९ हजार ८४७ रहेका छन् । यस्तै उत्कृष्ट पाँच गन्तव्य देखिएको मध्येमा बेलायतका लागि २७ हजार ४७५, अष्ट्रेलियाका लागि १६ हजार २७९, दक्षिण कोरियाका लागि नौ हजार ७५७, संयुक्त राज्य अमेरिकाका लागि आठ हजार ८७० छन् । अध्ययन गर्ने विषयका आधारमा सबैभन्दा बढी विद्यार्थी व्यवस्थापन विषयका देखिएका छन् । सो विषयमा एक लाख १६ हजार सात सय ८० विद्यार्थीले गत आर्थिक वर्षमा पूर्वस्वीकृति लिएका छन् । यस्तै सूचना प्रविधि विषयमा ३० हजार ७४४, विज्ञान विषयमा २० हजार ६७४ र हस्पिटालिटीमा १४ हजार २३ विद्यार्थी रहेका छन् । मन्त्रालयले विदेशका विश्वविद्यालय र कलेजको आधिकारिकता र शिक्षणका लागि भौतिक पूर्वाधारको अनुकूलताका आधारमा कार्यक्रमगत सूची पनि हालै अद्यावधिक गरेको छ । 'वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९' (संशोधनसहित) को दफा १८ को उपदफा ४ मा विश्वविद्यालय वा शिक्षण संस्थाको बेबसाइट उपलब्ध रहेको तिनको वरियताक्रम प्रदान गर्ने 'टाइम्स हाइयर एजुकेशन' वा 'क्युएस वर्ल्ड युनिभर्सिटी र्याङ्किङ' को वरियता सूचीमा रहेकाहरूको सूची यही फागुन ११ गते मन्त्रालयले अध्यावधिक गरेको हो । विदेशमा पढ्न जाने विद्यार्थीका लागि समस्या भोग्नु नपरोस् भन्ने अभिप्रायाले मन्त्रालयले विश्वविद्यालय र कलेजको आधिकारिकता पहिचानमा सहजीकरण गरेको हो । मन्त्रालयले आफूलाई ती मुलुकका आधिकारिक च्यानलबाट प्राप्त जानकारीका आधारमा चीन, अष्ट्रेलिया, नर्वे, युएइ, संयुक्त अधिराज्य बेलायत, आयरल्याण्ड, स्पेन, माल्टा, संयुक्त राज्य अमेरिका, जर्मनी, इटली, लिथुवानिया, गणतन्त्र कोरिया, कतार र माल्दोभाका विश्वविद्यालय र कलेजसम्बन्धी आधकारिक सूचना प्रदान हुने पोर्टलहरू प्रकाशन गरेको छ ।

*-हाम्रा कुरा डटकम*

# लोमान्थाङको आधारभूत अस्पताल भवन प्रयोगविहीन



माथिल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा निर्मित पाँच शय्याको आधारभूत अस्पताल भवन एक वर्षदेखि प्रयोगविहीन अवस्थामा रहेको छ । नेपाल-चीन सीमावर्ती क्षेत्रका स्थानीय नागरिकलाई विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवाको पहुँच स्थापित गर्ने उद्देश्यले निर्माण गरिएको २७ कोठाको आधारभूत अस्पताल भवन प्रयोगविहीन बनेको हो । माथिल्लो मुस्ताङको लोमान्थाङ-४ लोमान्थाङस्थित धुराङ भन्ने स्थानमा एक वर्षअघि सम्पन्न भएको पाँच शय्याको आधारभूत अस्पताल भवन जनशक्ति तथा आवश्यक उपकरणको व्यवस्थापन हुन नसक्दा प्रयोगविहीन बनेको बताइएको छ । सैंघीय सरकारको एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत लोमान्थाङ गाउँपालिकाको लागत साझेदारीमा दुई तले आधारभूत स्वास्थ्य सेवा अस्पताल भवन निर्माण गरिएको थियो । आव २०७८/०७९ मा त्यहाँ आधारभूत अस्पताल भवन निर्माण सुरु गरिएकोमा गतवर्षको फागुन महिनामा निर्माण सम्पन्न भएको थियो । दुई वर्षको सम्झौता अवधि रहेको उक्त आधारभूत अस्पताल भवन निर्माण चलिरहँदा कोभिड माहामारीका कारण एक वर्षपछि ढिलो गरी अस्पताल भवन निर्माण सम्पन्न गरिएको थियो । सात करोड १९ लाख लागतमा निर्माण सम्पन्न भएको लोमान्थाङस्थित आधारभूत अस्पताल भवन लोमान्थाङ बजारदेखि तल करिब आधा घण्टाको दूरीमा पर्दछ । एक वर्षअघि निर्माण सम्पन्न गरिएको उक्त आधारभूत अस्पताल भवनबाट विशेषज्ञ चिकित्सकसहितको सेवा प्रवाह गर्ने गरी शल्यक्रिया कक्ष, एक्सरे कक्ष, ल्याब कक्ष, प्रसूति कक्ष, फार्मेसी कक्षलगायत चिकित्सक तथा स्वास्थ्यकर्मी बस्ने आवाससहितको भवन निर्माण गरिएको थियो । माथिल्लो मुस्ताङमा आधारभूत स्वास्थ्य सेवाका लागि सामान्य उपचार गर्न स्वास्थ्य चौकी र स्वास्थ्य इकाइहरु रहेपछि विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवा नहुँदा माथिल्लो मुस्ताङका नागरिकलाई निकै सास्ती हुने गरेको छ । त्यहाँका नागरिकलाई गम्भिर बिरामी हुँदा वा भरपर्दो स्वास्थ्य सेवा प्राप्त गर्न १०० किलोमिटर दुरीको यात्रा गर्दै जोमसोम झर्नुपर्ने बाध्यता रहेको छ । कतिपय बिरामीलाई जोमसोमसमेत भरपर्दो स्वास्थ्य सेवा उपलब्ध नहुँदा पोखरा/काठमाडौँलगायतका स्थानमा जानुपर्ने बाध्यता रहेको छ । गण्डकी प्रदेश सरकारले अस्पतालका लागि सामग्री खरिद गर्न लागत र विवरण आएपछि प्रदेश मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरी व्यवस्थापन गर्ने भनिएको भएपनि उक्त विषय अझै अन्योल मै रहेको स्वास्थ्य संयोजक गुरुङको भनाइ छ । रङ्गरोगनसहित निर्माण सम्पन्न भएको पाँच शय्याको आधारभूत अस्पताल भवनमा तत्कालका लागि हेल्थ पोस्ट स्थान्तरण गरेर सामान्य प्रकारको स्वास्थ्य सेवा सञ्चालन गर्न सकिने अवस्था रहेपनि उक्त भवन लोमान्थाङ बजारदेखि टाढा समुदायलाई अपायक पर्ने भएकाले उक्त आधारभूत अस्पताल भवन प्रयोगमा आउन नसकेको उनको भनाइ छ । माथिल्लो मुस्ताङका स्थानीय नागरिक तथा पर्यटकलाई भरपर्दो स्वास्थ्य सेवा प्रवाह गर्न यहाँ निर्माण गरिएको अस्पताल भवन सञ्चालनका लागि सैंघीय तथा प्रादेशिक सरकारको ध्यान जान आवश्यक रहेको स्वास्थ्य संयोजक तेन्जिङ नर्बु गुरुङले उल्लेख गरे । *-रासस*

# शैक्षिक इतिहासको साक्षी



कुनै समयको चर्चित भनाइ थियो, 'शिक्षा नपाए कि जानु काशी, कि जानु कास्की' । प्राचीनकालदेखि नै शिक्षाको विशिष्ट गन्तव्यका रुपमा चासो र चर्चा कमाएको कास्कीमा १८-१९औँ शताब्दीतिर अन्नपूर्ण गाउँपालिका, पाउँदुरमा सञ्चालित पिँढी पाठशाला र विन्ध्यवासिनी क्षेत्रमा सञ्चालित पठनपाठनका कारण यो क्षेत्र शिक्षाको केन्द्रका रुपमा रहेको थियो । तत्कालीन समयमा पाउँदुरमा पौडेल थरका व्यक्तिले पिंढीमा राखेर पढाउने भएकै कारण त्यसबेला पिंढी पाठशाला भन्ने गरिन्थ्यो । उक्त समयमा विन्ध्यवासिनी आसपासमा पराजुली र रेग्मी थरका विद्वानले गुरु, शिष्य परम्परानुसार नै पठनपाठन गराउँदै आएको पाइन्छ । कास्कीमा सञ्चालित गुरुकुल शिक्षा प्रणालीकै जगमा १९५८ सालमा प्रधानमन्त्री देवशमशेरका पालामा मुलुकभर प्राथमिक पाठशाला खोल्ने नीतिअनुरूप परम्परागत गुरुकुल चलेकै स्थान विन्ध्यवासिनी क्षेत्रमा रुद्रनाथ पौडेल (अर्घौं) तथा पं श्री गुणानिधी पराजुली (मिरुवा, पोखरा) समेतको पहलमा औपचारिक विद्यालय खुलेको शिक्षासेवी एवं संस्कृत माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद अधिकारीले जानकारी दिए । उनका अनुसार सुरुआतमा यस विद्यालयमा संस्कृत एवं नेपाली श्रेस्ता शिक्षा विषयको दुई जना गुरुहरूबाट पठनपाठन गराउने व्यवस्थाको सूत्रपात भएको थियो । पहिला यहाँ पढेका, पढाइएका विद्यार्थी संस्कृत शिक्षाको परीक्षा दिन बनारस जानुपर्ने र श्रेस्ता शिक्षाको परीक्षा दिन काठमाडौँ जानुपर्ने व्यवस्था रहेकामा पछि निजामती प्रथमा यहीँ हुने र निजामती मध्यमा गर्न काठमाडौँ जानुपर्ने प्रावधान रहेको उनले जानकारी दिए ।

पोखरा महानगरपालिका-१ भीमकाली पाटनस्थित संस्कृत माध्यमिक विद्यालय जिल्लाको मात्र नभई समग्र गण्डकी प्रदेशको नै जेठो विद्यालय हो । २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाको सुरुआतसँगै तत्कालीन शिक्षा ऐनले निर्देश गरेबमोजिम यस विद्यालयमा पनि विद्यालय व्यवस्थापन समिति गठन प्रारम्भ भएको पाइन्छ । यस ऐनले निर्देश गरेबमोजिमको विद्यालयको व्यवस्थापनको लागि पहिलो अध्यक्षको जिम्मेवारी भोलानाथ पराजुलीले लिएका थिए । त्यसपछि विद्यालयको अध्यक्षको जिम्मेवारीमा क्रमश: मुकुन्दशरण उपाध्याय, तेजनाथ घिमिरे, तीर्थ श्रेष्ठ, मोतीमान शाक्य, केशवराज पराजुली, चक्रपाणी सुवेदी, चिजमान गुरुङ, राजेन्द्ररमण पराजुली, गोविन्द नेपाली, ईश्वरीलाल श्रेष्ठ हुँदै हाल विष्णुप्रसाद अधिकारी रहेका छन् । त्यस्तै विद्यालयको शैक्षिक प्रशासनतर्फ स्थापनाकालीन समयमा प्रधानाध्यापकको जिम्मेवारी रुद्रनाथ पौडेलले सम्हाल्नुभएको थियो । पछि क्रमश: गुणनिधि पराजुली, देवीरमण पराजुली, शिवकुमार रेग्मी, सोमनाथ रेग्मी, टङ्कनाथ पराजुली, बालमुकुन्द रेग्मी, बद्री पहारी, शुकदेव बराल, इन्द्रप्रसाद पराजुली, आत्माराम बाँस्तोला, जनार्दन त्रिपाठी, तोयनाथ पौडेल, तारा पाखे, दामोदर बाँस्तोला, कृष्णप्रसाद देवकोटा, गोविन्दप्रसाद सिग्देल हुँदै हाल श्रीकृष्ण सिग्देलले विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी सम्हालेका छन् । अभिलेखअनुसार विद्यालयमा २०१३ सालमा सुन्दरप्रसाद मर्सानीको अध्यक्षतामा रहेको समितिले विर्तावाल रत्नाकर पराजुलीबाट राजकीय संस्कृत प्रधान पाठशालाका नाममा जग्गा हस्तान्तरण गराई पठनपाठनको समुचित व्यवस्था मिलाइएको पाइन्छ । त्यस्तै २०२१ सालमा अञ्चलाधीश नन्दबहादुर मल्ल अध्यक्ष रहेका समितिले विर्तावाल रत्नाकर पराजुलीबाट हस्तान्तरित जग्गामा भवन निर्माण गराइएको देखिन्छ । विर्ताबाट विद्यालयलाई प्राप्त हुन आएको ८२ रोपनी जग्गामध्ये १० रोपनी जग्गा यहीँ रहेको विन्दुबासिनी संस्कृत विद्यापीठलाई प्रदान गरी संस्कृततर्फको उच्च शिक्षातर्फका कक्षाहरू सञ्चालन भइरहेको छ । विद्यालयमा २०२८ सालको नयाँ शिक्षा लागु हुनु अगाडि संस्कृत, नेपाली, व्याकरण मात्र पठनपाठन गराइँदै आएकोमा २०२८ सालपछि अनिवार्य शिक्षासमेत समावेश गरी राजकीय संस्कृत प्रधानपाठशालाबाट संस्कृत माध्यामिक विद्यालय नामकरण गरिएको व्यवस्थापन समितिका अध्यक्ष अधिकारीले जानकारी दिए ।

संस्कृत शिक्षाप्रतिको आकर्षण बढाउनका लागि २०७४ सालदेखि विद्यालयमा देशका दूरदराजमा रही शिक्षा प्राप्तिको अवसरबाट वञ्चित विद्यार्थीहरूलाई नि:शुल्क आवास एवं भोजनको व्यवस्था गरिएको उनले बताए । विद्यालयलाई वास्तविक योजनाअनुरूप सञ्चालन गर्न विद्यालय सुधार योजनाको निर्माण तथा सोको निरन्तर सुधार, परिमार्जन र कार्यान्वयनसँगै विगतको विद्यार्थीको २२० जना पुऱ्याइएको छ । विद्यालयका आवासीय बटुकहरूद्वारा नियमित रूपमा ध्यान, रुद्राभिषेक, विष्णु सहस्रनाम पाठलगायत अध्यात्मिक क्रियाकलापसमेत सञ्चालन गरिएको छ । विद्यालयमा अध्यापन गरिने कर्मकाण्डलगायत विषयको प्रयोगात्मक कक्षाका रूपमा मन्दिर एवं हवन कुण्ड आदिको निर्माणसमेत गरिएको उनले जानकारी दिए ।

**भौतिक पूर्वाधार विकासमा उल्लेख्य उपलब्धि**

विद्यालयमा विसं २०७८ साउनदेखि अधिकारीको नेतृत्वमा व्यवस्थापन समिति गठनसँगै भौतिक पूर्वाधारलगायत क्षेत्रमा पनि उल्लेख्य विकास भएको प्रधानाध्यापक श्रीकृष्ण सिग्देलले बताए । यस अवधिमा विद्यालयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सहयोगमा करिब रु ९२ लाखको सहयोगमा चारकोठे पक्की भवन, पानीट्याङ्की र शौचालय निर्माण गरिएको छ । विद्यालय परिसरमा करिब दुई वर्षदेखि रोकिएको शिव पाञ्चायन मन्दिरको निर्माण सम्पन्नसँगै परिसरमा शिवलिङ्ग, गणेश, विष्णु, देवी सूर्य (शिव पाञ्चायन)सहित लक्ष्मीनारायण, राधाकृष्ण, सीताराम, सरस्वती, अष्टचिरञ्जीवी र नवग्रहका प्रतिमाहरूको व्यवस्थापनसहित प्राणप्रतिष्ठा गरी नित्य पूजाको थालनी गरिएको छ । मन्दिर परिसरमा हवन कुण्डको निर्माण गरिएको छ भने रोटरी क्लबको सहयोगमा करिब रु ३६ लाखको लागतमा चारकोठे पक्की भवन थप गरिएको छ । पोखरा महानगरपालिका शिक्षा महाशाखाको सहयोग तथा गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, पोखरा महानगरपालिकाको सहयोग र विद्यालयको आन्तरिक स्रोतमा अडिटोरियम हलको निर्माण, विज्ञान प्रयोगशालाको स्तरवृद्धि, भवन निर्माण तथा गुरुकुलमा बसोबासको व्यवस्था मिलाइएको छ ।

विभिन्न सहयोगदाता, सैसंस्थाको समन्वयमा विद्यालय तथा शिवपाञ्चायन मन्दिर परिसरभित्र पुष्पबाटिका निर्माण, सात वटा चौतारी निर्माण तथा धार्मिक महत्वका बिरुवा रोपन गरिएको छ । पोखरा महानगरपालिका-१ तथा विभिन्न अक्षयकोषदाता तथा सहयोगदाताको सहयोगमा छात्रवृत्तिको व्यवस्था गरिनुको साथै विभिन्न दाताको सहयोगमा खानेपानी, खेल मैदानको निर्माण भएको छ । विद्यालयको गुरुकुलतर्फ विगतमा ११ जना मात्र बटुक भएकामा हाल आवासीय बटुकको सङ्ख्या वृद्धि भई ७० जना पुगेको र उनीहरूलाई नि:शुल्क आवास तथा भोजनको व्यवस्था गरिएको अध्यक्ष अधिकारीले जानकारी दिए । गुरुकुल व्यवस्थापनका लागि छुट्टै उपसमितिको व्यवस्था गरिएको छ । हाल गुरुकुलमा छ जना विशिष्ट सदस्य र १८६ जना आजीवन सदस्य रहेका उनले जानकारी दिए । गुरुकुलको व्यवस्थापनका लागि आर्थिक स्रोत व्यवस्थापन गर्न महर्षि वैदिक फाउन्डेशनसँग सम्झौता भएको छ । उक्त फाउन्डेशनले मासिक रुपमा भोजन व्यवस्थापनका लागि रु ५० हजार र ध्यान शिक्षकका लागि रु २२ हजार उपलब्ध गराउँदै आएको छ । विद्यालयको शैक्षिक गुणस्तर तथा नतिजामा सुधार ल्याउन अतिन्यून शुल्कमा अतिरिक्त कक्षाको व्यवस्थापन गरी विद्यालयको बिएलई, एसइई, कक्षा १२ को नतिजामा उल्लेखनीय रुपमा सुधार गरिएको विद्यालयका सूचना अधिकारी श्रीकान्त सापकोटाले जानकारी दिए । उनका अनुसार विद्यार्थीका लागि वेद तथा कर्मकाण्डसम्बन्धी अतिरिक्त कक्षाका साथै व्यावहारिक सीप प्रदान गरिएको छ । विद्यालयमा संस्कृत विषयतर्फ 'प्लस टु' को कार्यक्रम थप गरी सञ्चालनमा ल्याइएको छ भने नेपाल संस्कृत विश्वविद्यालयसँग समन्वय र सहकार्य गरी विद्यालयमा सञ्चालित दश जोड दुई कार्यक्रममा नि:शुल्क रुपमा पढाउने व्यवस्था मिलाइएको छ । विद्यालयले भौतिक पूर्वाधारतर्फसँगै शैक्षिक गुणस्तरीयतामा पनि उत्तिकै सफल बनाउँदै लगिएको छ । *-रासस*

# रुद्रवेणी-वामीटक्सार सडक एक महिना बन्द हुने



**गुल्मी,** चैत १/राष्ट्रिय राजमार्ग अन्तर्गत गुल्मीको रुद्रवेणी-वामीटक्सार सडक एक महिनाका लागि पूर्ण रूपमा बन्द भएको छ । उक्त सडक खण्ड अन्तर्गत सत्यवती गाउँपालिका स्थित सिस्ने भिरमा सडक स्तरोन्नति गर्ने कार्य सुरु हुने भएका कारण चैत एक गतेदेखि चैत ३० गतेसम्मका लागि सडक बन्द भएको हो ।

सडक डिभिजन कार्यालय पाल्पाको पत्रअनुसार उक्त राजमार्गको अतिसंवेदनशील र साँघुरो स्थान सिस्ने भिरमा सडक कटिङ गर्ने क्रममा ढुङ्गा खस्ने जोखिम बढ्न सक्ने र दुर्घटना हुनसक्ने सम्भावनालाई ध्यानमा राख्दै सडक बन्द गर्ने निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैह्रेले जानकारी दिए । प्रशासनले उक्त सडक स्तरोन्नति गर्दा सवारीसाधनलाई वैकल्पिक मार्ग प्रयोग गरी यातायात सञ्चालन र आवागमन गर्न आग्रह गरेको छ । कार्यालयले वैकल्पिक सडकका रूपमा सोता-तल्लोरोड-रुपाकोट-दोकुवा-सालघारी-चोरकाटे तथा मजुवा-दम्का-रुपाकोट-म्यालपोखरी-चोरकाटे सडक प्रयोग गर्न अनुरोध गरेको छ । कार्यालयले उक्त कार्यमा आवश्यक सहयोग एवं सहजीकरणका लागि मुसिकोट नगरपालिका र चन्द्रकोट गाउँपालिकालाई समेत पत्राचार गरेको छ । प्रशासनले सार्वजनिक रूपमा सूचना जारी गरी उक्त सडक एक महिनाका लागि २४ सै घण्टा बन्द रहने जनाएको हो । सडक डिभिजन कार्यालयले गत माघ २६ देखि फागुन १५ गतेसम्म २० दिन आंशिक रूपमा बन्द गरी सडक स्तरोन्नतिको काम गरेको थियो । जिल्लामा सबैभन्दा धेरै सवारीसाधन सञ्चालन हुने उक्त सडक गुल्मीको वामीटक्सारबाट मध्यपहाडी लोकमार्ग हुँदै बागलुङको बुर्तिबाङसम्म सवारीसाधन ओहोरदोहोर गर्ने मुख्य सडकअन्तर्गत पर्दछ । सडक डिभिजन कार्यालय पाल्पाले गत माघ २६ देखि फागुन १५ गतेसम्म आंशिक रूपमा सडक बन्द गरी स्तरोन्नतिको काम गरेको थियो ।

## सवारी दुर्घटनामा...

...यस्तै सर्लाहीको लालबन्दी नगरपालिका-१ बाघबानीस्थित सडकमा बसले मोटरसाइकललाई ठक्कर दिदा एक जनाको मृत्यु भएको छ । लु.प.०३-००१ ख ०४३० नम्बरको बसले प्र.२-०३-०१५ प ३३९६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक सोही नगरपालिका-१ नवलपुर बस्ने पर्सा वीरगंज महानगरपालिका-१ छप्कैया घर भएका ३४ वर्षीय सुनिल महतोको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल मलगंवामा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले बस चालकलाई नियन्त्रणमा लिएको छ । यस्तै गोरखाको शहिदलखन गाउँपालिका-३ कान्टारस्थित सडकमा इभी गाडी दुर्घटना हुँदा सात जनाको मृत्यु भएको छ । बाग्मती प्रदेश १-००६ ख ८४३० नम्बरको इभी गाडी सडकबाट करिब २ सय मिटर तल खसेर दुर्घटना हुँदा गाडीमा सवार भारतीय नागरिक ५८ वर्षीय मुतु कुमारसहित ७ जनाको घटनास्थलमै मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका गाडी चालक समेत ९ जनाको पुरानो मेडिकल कलेज चितवनमा उपचार भइरहेको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । पछिल्लो समय दिनहुँ जसो सवारी दुर्घटना हुने गरेका छन् । कच्ची सडक, क्षमताभन्दा बढी यात्रु बोक्ने, जथाभावी ओभर ट्याक गर्ने, गाडी मर्मत नगरी हतारमा स्पिडमा चलाउने र मदिरा सेवन गरी गाडी चलाउदाँ सवारी दुर्घटना बढी हुने गरेका हुन् ।

## चार लेन सडक...

...उक्त सडक २१ किलोमिटर ५८ मिटर कालोपत्र हुनेछ भने चौडाइ चार लेनको हुनेछ । बीचमा मेडिएन र दुवैतर्फ दुई-दुई लेनको हुने उनले बताए । सडक स्तरोन्नतिका क्रममा सडकको पूरै कालोपत्रको माथिल्लो भाग हटाइनेछ । दुवैतर्फ कटिङ भएको क्षेत्रमा आवश्यक मोटाइमा फिलिङ गरेपछि मात्रै कालोपत्रको काम सुरु हुनेछ । सडक सुधार आयोजनाअन्तर्गत मदन भण्डारी सडकमार्ग परियोजनाअन्तर्गत ठेक्का सम्झौता भएको थियो । तर, निर्माणको जिम्मा सडक डिभिजन कार्यालय दाङले पाएको छ । सोही सडकको चौडाइ ३० मिटर हुनेछ । सडक अस्फाल्ड प्रविधिबाट कालोपत्र हुनेछ । जसमा ढुङ्गा, गिट्टी र बिटुमिन तार मिसाएर कालोपत्र गरिनेछ । यसले सडकलाई थप मजबुत बनाउनेछ । सम्झौता भएको मितिले ३६ महिनामा सक्नेगरी सम्झौता भएको सडक डिभिजन कार्यालका प्रमुख विष्टले बताए । गएको २४ असारमा भ्याटबाहेक रु दुई अर्ब २४ करोड ५६ लाखमा उक्त सडक चार लेनको काम हुन लागेको हो । उक्त सडक चार लेन बनाउन यसअघिको निर्माण कम्पनीले काम नगरेपछि ठेक्का रद्द गरिएको थियो । ठेक्का रद्दपछि २०८१ साउनदेखि नै प्रक्रिया सुरु गरिएको थियो । तत्कालीन अवस्थामा अर्थ मन्त्रालयको स्रोत सहमति तथा राष्ट्रिय योजना आयोगको मिति निर्णयअनुसार तीन करोड ९९ लाख ४९ हजारको बहुवर्षीय ठेक्का गर्ने सहमति भएको थियो । सोहीअनुसार मदन भण्डारी राजमार्ग निर्देशनालयबाट लागत अनुमानका काम भएर फागुन १ गते बोलपत्र आह्वान भएको थियो । उक्त सडक बीचमा पर्ने सेवारखोला, हापुरखोला, ग्वारखोला र कालाखोलामा चार लेनको पुल निर्माणका लागि प्रक्रिया अघि बढिसकेको छ । *-रासस*

खेलकुद समाचार

## जावलाखेलले काँक्रेबिहारलाई ४-१ गोलले हरायो



**काठमाडौं,** चैत १/राष्ट्रिय लिग फुटबलमा जावलाखेल युथ क्लबले काँक्रेबिहार क्लबलाई हराएको छ । सातदोबाटोमा रहेको एन्फा कम्प्लेक्समा भएको खेलमा जावलाखेलले काँक्रिकेबिहारलाई ४-१ गोलले पराजित गरेको हो । यो जीतसँगै जावलाखेल १० खेलमा १३ अङ्कसहित आठौं स्थानमा उक्लिएको छ । समान खेलमा १ अङ्कसहित काँक्रेबिहार पुछारबाट दोश्रो स्थानमा छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा कांक्रेविहारले सुरुवाती अग्रता लिएपनि जावलाखेलले पुनरागमन जित हासिल गरेको हो । दिपेन्द्र चुनाराले खेलको छैटौं मिनेटमै गोल गर्दै कांक्रेविहारलाई अग्रता दिलाएका थिए । तर त्यो अग्रता लामो समय टिकेन । जावलाखेलका बाउबाकर सिसिखोले १६औं मिनेटमा बराबरी गोल फर्काए । पहिलो हाफ १-१ को बराबरीमा सकिएपछि जावलाखेलले दोस्रो हाफमा तीन गोल गर्‍यो । निकोलस ह्यामिल्टनले ५०औं र इन्जुरी टाइमको चौथो मिनेटमा गोल गरे । विकास दर्लामी मगरले ६४औं मिनेटमा गोल गरे । राष्ट्रिय लिगमा जावलाखेलको यो तेस्रो जित हो । जितपछि जावलाखेल १० खेलबाट १३ अंक जोड्दै आठौं स्थानमा उक्लेको छ । कांक्रेविहारको यो १० खेलमा नवौं हार हो । १ अंक मात्र रहेको कांक्रेविहार १६ औं स्थानमै यथावत छ । अखिल नेपाल फुटबल सैं (एन्फा)को आयोजनामा भइरहेको राष्ट्रिय लिगमा 'ए' डिभिजनका १३ र एन्फा प्रेसिडेन्ट लिगका ४ गरि १७ वटा टोली सहभागी छन् । प्रतियोगिताका खेलहरू दशरथ रङ्गशाला, च्यासल र एन्फा कम्प्लेक्स सातदोबाटोमा भइरहेका छन् ।


वर्गिकृत डिस्प्ले


१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक बढ्यो



**काठमाडौं,** चैत १/यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बढेको छ । आइतबार नेप्से परिसूचक ४ दशमलव ४५ अंकले बढेको हो ।

शून्य दशमलव १५ प्रतिशतले वृद्धि भएको नेप्से परिसूचक २ हजार ८ सय २४ दशमलव ९० विन्दुमा उक्लिएको छ । सो अवधिमा ३ सय ५० कम्पनीको तीन करोड ९५ लाख ४९ हजार ३३ कित्ता शेयर एक लाख २४ हजार ४९० पटक खरिदबिक्री हुँदा १४ अर्ब ३२ करोड ९६ लाख चार हजार ३ सय १५ दशमलव ९० को कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव ६२, लगानी शून्य दशमलव ५४, जीवन बिमा शून्य दशमलव ४६ र म्युचुअल फण्ड समूह शून्य दशमलव २५ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । व्यापार समूह सबैभन्दा बढी दुई दशमलव ८३ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव २१, विकास बैंक शून्य दशमलव ७४, वित्त शून्य दशमलव २२, जलविद्युत् शून्य दशमलव शून्य छ, उत्पादन तथा प्रशोधन शून्य दशमलव १२, लघुवित्त शून्य दशमलव १५, निर्जीवन बिमा शून्य दशमलव १६ र अन्य समूह शून्य दशमलव शून्य तीन प्रतिशतले बढेको छ । सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ भने दरमखोला हाइड्रो इनर्जी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई